# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं, आषाढ २३ गते २०१७ साल [ अतिरिक्ताङ्क ७ (क)

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्रीमाननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूले सम्वत् २०१७ साल आषाढ २३ गते प्रतिनिधिसभामा आर्थिक वर्ष २०१७।०१८ को अनुमानित आर्थिक विवरण पेश गर्नु हुंदा दिनु भएको वक्तव्य तथा आर्थिक विवरणको सारांश सर्वसाधारणको जानकारीकालागि प्रकाशित गरिएकोछ।

नेपाल अधिराज्यको संविधान अनुसार दोस्रो पटक २०१७।१८ सालको अनुमानित वार्षिक आर्थिक विवरण यस सभामा पेश गर्न पाउँदा मलाई कम गौरव लागेको छैन । जुन विश्वासका साथ जनताले हामीलाई निर्वाचित गरी देशको शासनभार हामीलाई सुम्पे को थियो त्यसलाई सार्थक तुल्याउन देशको द्रूतगतिले विकास गर्ने हामीले शुरूदेखि नै संकल्प गरेका हौं । यस अघिको जस्तै यो आर्थिक विवरण पनि विकासलाई नै लक्ष गरेर बनाइएको छ ।

### विनियम दर र नेपाली मुद्रा

सरकारले यस वर्ष लिएका विविध कदमहरूको फलस्वरूप देशको आर्थिक अवस्था बढी मात्रामा दरिलो हुँदै आएको देख्न पाउँदा मलाई हर्ष लागेको छ । नेपाली मुद्राको मूल्यको अस्थिरताको र स्वदेशी मुद्राको प्रचलन सांघ्रिदै गएको समस्या विगत केही वर्षदेखि अत्यन्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जटील हुँदै आएको सबैले महसूस गरेको हो । यस समस्याको समाधानतर्फ वि.त सरकारहरूले पटक पटक प्रयास गरेका हुन् । तर एकतर्फी, सीमित र अल्पकालीन उपायहरू अपनाइएकोले स्थायी किसिमको व्यवस्था हुन सकेन । यस समस्याको गहीरो अध्ययन गरी विशेषज्ञहरूको राय अनुसार सरकारले १६० को भाउमा ने. रु. र भा. रु. लाई परिवर्त्य अर्थात् अपरिमित रूपमा खरीद बिक्री गर्न पाइने ' ( Unlimited convertibility ) घोषित गरेको यस सभालाई विदितै छ । सरकारले ऐतिहासिक भावनामा मात्र नबगी नेपाली मुद्राको मूल्य बढाउनामाभन्दा बढी महत्व मूल्यमा स्थिरता ल्याउनामा दिएको छ । उपरोक्त व्यवस्था भएदेखि काठमाडौं र अरू धेरै जिल्लाहरूमा सरकारी र बजारिया विनिमय दरमा केही पनि अन्तर रहन सकेको छैन ।

अहिलेसम्मको प्राप्त रिपोर्ट अनुसार यो व्यवस्था सफलतापूर्वक चली रहनेमा शंका देखिन्न ।२०१७ वैशाख १ गतेदेखि ज्येष्ठ २७ गतेसम्मको नेपाल राष्ट्र बैंकको भा. रु. खरीद बिक्रीको कारोबारमा गैर सरकारी क्षेत्रबाट मात्रकरीब भा. रु. २० लाख बढी खरीद भएको छ । विनिमय दरको स्थिरताले आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार र व्यवसायमा विकास हुन धेरै मद्दत हुने कुरा निश्चित छ ।

पहिलो पटक तराईका जिल्लाहरूमा समेत नेपाली मुद्राको स्वतः प्रचलन बढ्दै गएको छ । अहिलेसम्म ठेक्का र रायल्टी बाहेक सरकारले असूल उपर गर्नु पर्ने सबै रकम नेपाली मुद्रामा ठेकिएकोमा २०१७।१८ को आर्थिक वर्षदेखि ठेक्का र रायल्टी पनि नेपाली मुद्रामा नै असूल गरिनेछ । यसकोसाथै राष्ट्रिय दृष्टिकोणबाट देशका सबै उद्योग, कल, कारखाना तथा अरू गैर सरकारी क्षेत्रमा कारोबार गर्नेहरूसित आफ्नो सबै कारोबार नेपाली मुद्रामा नै गर्न म अनुरोध गर्दछु । यसरी हामी सबैले सहयोगी भावले काम गरिरहेमा अवश्य नै नेपाली मुद्राको क्षेत्र बढ्दै गई निकट भविष्यमा नै देशभर राष्ट्रिय मुद्राको प्रचलन गराउन एक राम्रो वातावरण तयार पार्न सफल हुनेछौं भन्ने मेरो विश्वास छ ।

## उत्पादन

कृषि सर्भे, जन गणना र औद्योगिक सर्भेको परिणाम राम्ररी थाहा नभए- सम्म उत्पादन सम्बन्धी तथ्यांक उचित रूपले दिन सकिन्न । प्राप्त तथ्यांक तथा अरू थाहा पाइएका कुराको आधारमा यस वर्षको उत्पादनको गतिविधि बारे केही भन्दैछु ।

सरकारको उत्पादन वृद्धि गर्ने विविध कदमहरूको फलस्वरूप २०१६।१७ मा अनावृष्टी भएबाट पूर्वी तराईको केही जिल्लाहरूमा कृषि उत्पादन केही घट्न गएतापनि देशभरिको समस्त कृषि उत्पादनमा यस वर्ष विशेष फरक भएको छैन भन्ने अनुमान लगाइएको छ ।

मोटामोटी रूपमा २०१५।१६ सालकोभन्दा २०१६।१७ सालमा औद्योगिक उत्पादन केहीमात्रामा बढ्दै गएको प्रवृत्ति देशमा रहेका केही उद्योगधन्धाको उत्पादनबाट देखिएको छ । उदाहरणको रूपमा बिराटनगर जुद्ध म्याच फ्याक्टरीमा २०१५।१६ भन्दा २०१६।१७ मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सलाईको उत्पादन ७.६ प्रतिशत बढ्न जाने अनुमान गरिएको छ । यस वर्ष पोहोरभन्दा मोरङ्ग सुगर मिलमा चीनीको उत्पादन १२.३ प्रतिशत र विराटनगरका दुइ जूट मिलमा गरी उत्पादन २.५ प्रतिशत बढ्न जाने सम्भावना देखिएको छ ।

साना साना उद्योगधन्धा खोल्नको निम्ति सरकारले यसै वर्ष प्रशस्त मात्रामा लाइसेंस दिएको हो । २०१६।१७ सालमा जम्मा २५६ जति प्राइभेट फारमहरू रजिष्टर भए । देशमा द्रुतगतिले औद्योगीकरण हुन सक्ने वातावरणको सृजना गर्न सरकारले विभिन्न कदमहरुरू उठाउँदैछ । प्रथम, गैर सरकारी पूंजीको राम्रो संचय गराई उद्योगधन्धामा उत्साह बढाउँदै लैजाने उद्देश्यले चालू वर्षको बजेटमा उद्योग व्यवस्थाबाट भएको मुनाफामा अरू व्यवसायबाट भएको मुनाफामा वा पारिश्रमिकमा लाग्ने करको दरमा क्रमशः २५ र ५० प्रतिशत रियाही दिएको हो । मेरो भ्रमणको सिलसिलामा अनेक मलुकका अधिकारीहरू र उद्योगपतिहरूसंग कुराकानी हुँदा पछि तिरे हुने ( deferred payment ) गरी मेशिनरी सरकारले प्राप्त गराई दिने व्यवस्था हुन सक्ने भएको छ । फेरि, औद्योगिक विकास करपोरेशनले पनि बढी मात्रामा देशमा रहेका उद्योगधन्धाहरूलाई आर्थिक सहायता दिने भए को छ ।

देशको आर्थिक विकासका काममा स्वदेशी पूंजीको कमीलाई पूर्ति गर्न सबै मित्र-राष्ट्रहरूबाट पूंजीको लगानीलाई स्वागत गर्ने सरकारको नीति छ । यसैनीति अनुसार अमेरिकी गैर सरकारी पूंजीको लगानीलाई ग्यारण्टी दिने एक सम्झौता हालै हाम्रो सरकारले अमेरिकी सरकारसित गरेको सबैलाई विदितै छ ।

## बढी मानिसलाई काम दिने

२०१६।१७ सालको बजेट पेश गर्दा मैले मुख्यतया श्रमप्रधान विकास कार्यमा विशेष जोड दिई बेकारी समस्याको हल गर्ने सरकारी नीतितिर पनि यस सभाको ध्यान आकर्षित गरेको थिएँ । प्राप्त तथ्यांकबाट यो थाहा पाइएको छ कि २०१५। १६ सालमा भन्दा २०१६।१७ सालमा ज्येष्ठ महीनासम्म सरकारी क्षेत्रमा गरिएका विकास कार्यमा करीब ४५ प्रतिशत बढी मानिसहरूले कामपाएकाछन् । बिजुलीमा ६३४ प्रतिशत बढी मानिसहरूलाई काम दिइएको छ । आर. टी. ओ. मा यस साल ३६ प्रतिशत थप व्यक्तिहरूले काम पाएका छन् । पब्लिक वर्क्समा १३७ प्रतिशत र रोड ब्रिज इत्यादिमा १०० प्रतिशत बढी मानिसले काम पाएका छन् । पाइएसम्मको तथ्यांकबाट सरकारले प्रत्यक्ष रूपले थप काम दिएका व्यक्तिहरूको संख्या यसरी बढ्दैछ र यस बाहेक अप्रत्यक्षरूपले काम पाएका व्यक्तिहरूको संख्या पनि निकै हुन पर्दछ । मलाई आशा छ कि विकास कार्यको विस्तारको साथै भविष्यमा बढी-से-बढी मानिसहरूले काम पाउँदै जानेछन् ।

## मूल्य

खर्चमा साबिक भन्दा उल्लेखनीय वृद्धि भए तापनि श्री ५ को सरकारले विगत २ वर्ष देखि अपनाउँदै आएको वित्तीय नीति र मुद्रा नीतिको परिणामस्वरूप यस वर्ष पनि मूल्यमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ज्यादा घटबढ देखिन्न । वैशाख २०१३ को मूल्यलाई आधार मानेर काठमाडौंको मूल्यको गतिविधि हेर्दा स्थानीय पदार्थहरूको मूल्यको सूचक ( Index ) २०१६ ज्येष्ठ मसान्तमा १०१.७ बाट बढी २०१७ ज्येष्ठमा मसान्तमा १०४.७ पुगेको देखिन्छ । यसै अवधिमा पैठारी हुने खाद्य बस्तुहरूको मूल्यको सूचक १०६.१ बाट बढी १११.६ पुग्न गएको छ : उता भार तमा मूल्य बढ्नाले पैठारी हुने कपडा र धागोको मूल्यमा पनि केही वृद्धि भएको छ त त्यसै अव धिमा पेट्रोल, मट्टितेल, न्यूजप्रिण्ट आदिको भने मूल्य घटेको छ । २०१६।१७ को पहिलो १० महीनाभित्र आलु, मकैको पिठो तथा जीराको भाउ घटेको छ र अन्य खाद्य बस्तुको मूल्यमा विशेष घटबढ भएको छैन । यसरी साधारणतया बस्तुहरूको मूल्यमा केही मात्र वृद्धि भएको देखिन्छ । कुनै पनि विकासोन्मुख देशमा विकासको प्रारम्भिक स्थितिमा मूल्य स्तरमा केही वृद्धि हुनु स्वाभाविकै कुरा हो र आर्थिक विकासको गतिको साथै बस्तुहरूको मल्य प्रारम्भिक अवस्थामा बढ्दै जान्छ । त्यसको निम्ति हामी सबैले उपभोगमाथि सकभरनियन्त्रण गर्दै जानु पर्दछ । यता केही महीनादेखि केही बस्तुहरूको कृत्रिम कमी तुल्याई मूल्य बढाउने प्रयत्न गरिंदैछ । अप्राकृतिक किसिमबाट बस्तुहरूको मूल्य बढाउन खोज्ने तत्वहरू प्रति सरकारले कडा कदम उठाउने छ ।

यसरी स्पष्ट देखिन्छ कि देशको आर्थिक अवस्था विगत वर्ष भन्दा अहिले बलियो र खँदिलो हुँदै आएको छ । उत्पादनतर्फ वृद्धि नै हुँदै गएको प्रतीत हुन्छ । औद्योगिक विकासको निम्ति अनुकूल वातावरण तयार हुँदैछ । कार्यशील जनसंख्याको वार्षिक वृद्धि को ख्याल राखी सरकारको विकास कार्य द्रुतगतिले बढाउँदै लगी थप मानिसहरूलाई काम दिने नीति पनि सफल हुँदै गएको छ । मुद्रा नीतिको फलस्वरूप नेपाली मुद्रा दृढ हुँदै आएको छ । आज राष्ट्रिय मुद्राको सटही दर तोक्ने पूर्ण नेतृत्व सरकारमा वास्तविक रूपले आएको छ । विकास कार्यतर्फ प्रशस्त मात्रामा हुँदै गएको खर्चको परिस्थितिमा पनि वस्तुहरूको मूल्यमा विशेष वृद्धि हुने प्रवृत्ति देखिएको छैन ।

## तथ्यांक संकलन

देशको आर्थिक परिस्थितिको वास्तविक मूल्यांकन गर्दा राष्ट्रिय आय तथा खर्चको प्रवृत्तिको उचित विश्लेषण अत्यावश्यक छ । तर भरपर्दो तथ्यांकको अभावमा वास्तविकस्थितिको दिग्दर्शन सर्वाङ्गीण हुन सक्दैन । यसतर्फ सरकार सचेष्ट छ र यस वर्ष तथ्यांक सम्बन्धी विषयमा पनि निकै नै काम भएको छ ।

सरकारले नीति निर्धारण गर्ने तथा विकास योजनाहरू राम्ररी कार्यान्वित गराउने उद्देश्यले तथ्यांकको समुचित विकासको निम्ति केन्द्रीय तथ्यांक विभागलाई सुदृढ तथा व्यवस्थित तुल्याउंदैछ । आजको हाम्रो परिस्थिति योजनाबद्ध विकासको निमित्त यथाशीघ्र तथ्यांक संकलन गर्ने तरीका अपनाइएको छ । खाद्य तथा कृषि संस्थाको ( F. A. O. ) सहा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यताबाट कृषि सर्भेमा प्रारम्भिक कार्यमा धेरै नै प्रगति भई सकेको छ। दुइ थरिको प्रश्नावली र डिजाइन प्रयोग गरी केही क्षेत्रमा गहुँ, मकै, धान र आलु बालीको पाइलट (Pilot) सर्भे समाप्त भइसकेको छ। त्यसको सारांश तथा मूल्यांकनको आधारमा आगामी वर्ष सैम्पिलङ्ग ( Sampling ) तरीकाबाट देशभरि कृषि गणना गरिने भएको छ। आगामी ज्येष्ठ महीनातिर गरिने जनगणनापछि योजना तथा आर्थिक नीतिको निम्ति चाहिने केही तथ्यांकहरू पाइदै जानेछन्। २०२० सालमा विश्व सर्भेको दांजोमा नेपालमा पनि औद्योगिक सर्भे गर्ने तिर सरकारले ध्यान दिंदैछ। केन्द्रीय तथ्यांक विभागमा कृषि, उद्योगधन्धा, आयात निर्यात तथा अरू आवश्यकीय सामाजिक तथ्यांकको संकलन गर्ने व्यवस्था मिलाइंदै छ। मलाई आशा छ कि यस्ता आधारभूत तथ्यांकहरू संकलन हुँदै गएपछि क्रमशः देशको विभिन्न क्षेत्रहरू को आर्थिक गतिविधिको बखत बखतमा राम्रो किसिमको वैज्ञानिक मूल्यांकन हुँदै जाला।

## विदेशी सहायता

सबैजसो मित्रराष्ट्रहरूले नेपालको विकास कार्यमा बढी दिलचस्पी लिएको कुरा हामी-लाई यस वर्ष विशेष रूपले महसूस भएको छ। हालै श्री ५ महाराजधिराजको संयुक्त राज्य अमेरिकामा भएको राजकीय भ्रमणको फलस्वरूप नेपाललाई प्राप्त हुने सहायताकोरकममा धेरै नै वृद्धि भएको छ। श्री माननीय प्रधान मन्त्रीज्यूको भारत र चीनको भ्रमणमा दुबै देशहरू ले नेपालको विकास रुचिमा लिई विकास कार्यको निमित्तथप आर्थिक सहायता दिएका छन्। ब्रिटिश सरकारबाट पनि विशेष रूपले सहायता प्राप्त भएको छ। साथै जापान फ्रांस तथा अन्य मित्र राष्ट्रहरूले नेपालप्रति सहानुभूति प्रकट गर्दै यथाशक्य मद्दत दिने आश्वासन दिएका छन्।

संयुक्त राष्ट्र संघको प्राविधिक सहायता अन्तर्गत नेपालले मद्दत पाउँदै आएको कुरा सबैमा विदितै छ। आवश्यकता देखिएकोले राष्ट्रसंघको ओपेक्स ( OPEX ) प्रोग्राम अन्तर्गत पनि विशेषज्ञहरू प्राप्त भएका छन्। राष्ट्र संघको विशेष कोषबाट कर्णाली योजना को सर्भेको निमित्त सहायता प्राप्त गर्ने प्रयास भइरहेको छ र प्राप्त हुने आशा छ। फोर्ड फाउण्डे-शनको विशेष सहायता पनि प्राप्त भएको छ। सरकार तथा नेपाली जनताको तर्फबाट सबै मित्र राष्ट्रहरूप्रति उदारता तथा सहयोगको निमित्त कृतज्ञता ज्ञापन गर्दै धन्यबाद अर्पण गर्दछु।

मैले पोहोर पनि यस सभामा निवेदन गरेको हुँ कि संधैं अर्काको भरमा रहेर कुनै देशले पनि वास्तविक उन्नति गर्नसक्दैन। तर विकास लगानी (investment)मा निर्भरगर्दछ र परम्परागत समाज( traditional society ) लाई अतिक्रमण गरेर अर्को समा-जमा उक्लन खोज्ने (pre take off society)हाम्रो जस्तो देशमा लगानी गर्ने साधन नै सीमित हुन्छन्। ज्यान सम्म धान्न किसिमको आर्थिक व्यवस्था (Subsi stence economy) भएकोले उपभोग घटाई लगानीतर्फ लगाउने गुंजाइस बहुतै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम छ । तसर्थ आन्तरिक साधनहरूको सृजना नभएसम्म देशको विकासकोगति द्रुततर तुल्याउन विदेशी सहायताको ठूलो महत्व छ । हो आन्तरिक साधनहरूको उचित परिचालन गरी विदेशी सहायता कम गर्दै जानु पर्दछ भन्नेमा दुई मत हुन सक्दैन । तर हाम्रो देश धेरै कालसम्म पछि परिरहेकोले विदेशी सहायता नलिएमा देशले आफ्नो लक्ष छिटो अवधिभित्र प्राप्त गर्न सक्तैन । तसर्थ २०१६।१७ को अनुमानित बजेटमा भन्दापनि बढी रकम २०१७।१८ को बजेटमा विकास कार्यको निम्ति विदेशी सहायताबाट लगाइनेछ । २०१६।१७ सालमा विकास कार्यमा गरिने समस्त खर्चमा विदेशी सहायताबाट७१ प्रतिशत आउने अनुमानगरिएको थियो, २०१७।१८ को निम्ति ८८ प्रतिशत जति अनुमान गरिएको छ । हामी भन्दा धेरै बढी उन्नत आर्थिक व्यवस्था भएका देशहरूले समेत चांडो विकासको निमित्त प्रशस्त विदेशी सहायता लिएका छन् ।

## अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्यता

नेपालले केही वर्षदेखि यता अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक तथा अन्तर्राष्ट्रिय फाइन्यान्स करपोरेशनको अधिवेशनमा पर्यवेक्षकको रूपले भाग लिंदै आएको हो । अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्यता प्राप्त गर्नको निमित्त सरकारले गरेको प्रयत्न मैले यस सभामा बराबर निवेदन गरेको हुँ । यसै आर्थिक वर्षमा अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्यता प्राप्तगर्न नेपालको दरखास्त परिसकेको छ र हालैक ोअमेरिकाको भ्रमणमा वाशिङ्गटनमा कोषका उच्च अधिकारी- हरूसित भेटी मैले यहाँको मुद्रा समस्या र सरकारले नेपाली मुद्रा सुदृढ तुल्याउन तथा त्यसको चलन चल्ती देशभरिफैलाउन उठाएको कदमहरूबारेछलफल गरें । नेपालको मुद्रा तथा विकास संबन्धी समस्यामा उनीहरूले निक्कै रुचि लिएका छन् ।हालै उनीहरूलाई चाहिने तथ्यांक र समाचारहरू सम्बन्धित विभागहरूबाट संकलन गरी पठाई सकिएको छ । खासगरेर सरकारको नयां कदमले विनिमय दरमा स्थिरता आउनाले कोषको विनिमय दर (par value) कायम गर्न सुविधा हुने भएको छ । चांडै नै नेपाल अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको सदस्य हुनेआशा गरिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोष र बैंकको सदस्य भएर नेपाल लाई मुद्रा सम्बन्धी र आर्थिक क्षेत्रमा आई पर्ने समस्याहरू सुधार्नमा मद्दतको साथै नेपालले ठूला आयोजनाहरूको लागि ऋण र अनुभवी प्राविधिज्ञहरू समेत पाउनेछ। बैंकबाट ऋण लिएर धेरै अविकसित राष्ट्रहरूले आर्थिक विकासतीव्र गतिले गर्न पाएका छन् ।

## कार्य सम्पादन

निर्वाचितसरकार आएदेखि प्रशासन कार्यमा धेरैनै प्रगित आउँदै गएको छ । यस सालको विकास बजेटको अनुमानित अंकको करीव ५३ प्रतिशत खर्च हुन जानेदेखिएको छ र पंचवर्षीय योजनाको विगत ३ वर्षमा भएको खर्च भन्दा बढी खर्च यही एक आर्थिक वर्षमा भएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासकीय पुनर्गठन हुँदै गएको र प्रशासन सम्बन्धी भएको अरू सुधारको फलस्वरूप नै कार्यमा तीव्रता आएको हो । तर देशको द्रुतगतिले विकास गर्नु परेको अवस्थामा प्रशासन कार्यमा अरू सुधार र कामको समन्वय ( co-ordination ) को आवश्यकता रहन्छ ।

प्रशासन व्यवस्थामा निपुणता तथा कार्य कुशलता ल्याउन सरकारले निजामती तथा प्राविधिक सेवाहरूको तलवको स्केल यही वैशाख महीनादेखि लागू गरेको छ ।प्राविधिक सेवालाई साधारण प्रशासकीय सेवाबाट छुट्याई बढी तलब स्केलको दरबन्दी ठेकिएको छ । यसबाट प्राविधिज्ञहरूको काम गर्ने हौसला बढ्न जानाले सरकारी विकास कार्यको सम्पादनमा बढी दक्षता आउनेछ । निकट भविष्यमा नै सरकारले सेना र पुलिसको कर्मचारीको तलवको स्केलमा पनि सुहाउँदो किसिमको संशोधन गर्ने भएको छ ।

यस साल सरकारले लिएको अर्को ठोस कदम मध्ये सरकारी रुपैयां खर्च सम्बन्धी कार्यविधि नियमहरू २०१६ पनि हो । यसबाट श्री ५ को सरकारको अर्थमन्त्रालयमा केन्द्रित भइरहेको आर्थिक अधिकारहरू विस्तृत रूपमा अरू मन्त्रालयहरूलाई प्रत्यायोजित गरिएको छ । यसले गर्दा खर्चको निकासाको सम्बन्धमा धेरै तह घट्न जाने र खर्च गर्ने मन्त्रालय तथा विभागहरूको अधिकार तथा कार्य दक्षता बढ्न जानेछ । अधिकार विकेन्द्रीकरणको सिलसिलामा जिल्ला विकास समितिहरूलाई अघि भन्दा बढी अधिकार सुम्पिएको छ । मलाई विश्वास छ कि सरकारले यस साल गरेको र अब गर्दै जाने प्रशासकीय सुधारको फलस्वरूप सरकारको खर्च गर्ने क्षमता अब आउने बर्षहरूमा ज्यादै नै बढ्न जानेछ ।

## आर्थिक वर्ष २०१६।१७

अघि अघि पेश भएका आर्थिक विवरणहरूमा आय व्ययको केवल अनुमान प्रस्तुत भई यथार्थ अंकहरू दिन नसकी संधै क्षमा याचना गर्नु परिरहेकोमा यसपाला पहिलो पटक चालू आर्थिक वर्षको प्रथम ६ महीनाको आय व्ययको यथार्थ अंकहरू प्राप्त हुन सकेकोमा मलाई केही सन्तोष लाग्नु स्वाभाविक हो । उक्त ६ महीनाको यथार्थ खर्चको अंकका आधारमा १२ महीनाको अंक संशोधित अनुमानको रूपमा देखाइएको छ ।

अब म यस सभाको ध्यान आर्थिक वर्ष २०१६।१७ मा साधारण बजेट र आकस्मिक कोषमा गरी निकासा भएको अंक र संशोधित अनुमानित खर्चतिर लैजान चाहन्छु । आर्थिक वर्ष २०१६।१७ मा साधारण बजेटतर्फ रु. दश करोड छबीस लाख एकचालीस हजार ( १०,२६,४१,००० ) नयां करहरूबाट आउने रकम बाहेकको अनुमानित आम्दानी र रु. दश करोड आठ लाख दुई हजार (१०,०८,०२,०००) अनुमानित खर्च राखिएको रअनु-मानित वचत रु. अठार लाख उनन्चालीस हजार (१८,३९,०००) हुन आएको थियो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

250

संशोधित अनुमानित खर्चको दृष्टिबाट हेर्दा जम्मा रु. आठ करोड दश लाख उनान्सत्तरी हजार आठ सय सन्तान्नब्बे (८,१०,६९,८९७) अर्थात् ८७.७ प्रतिशत जति खर्च हुन जाने देखिन्छ र उता आम्दानी रु. आठ करोड तेइस लाख दश हजार (८,२३,१०,०००) अर्थात ८२.२जति संशोधित अनुमानबाट हुन आउने देखिन्छ ।

भन्सारबाट रु. तीन करोड बीस लाख (३,२०,००००००) आम्दानी हुने अनुमान गरिएकोमा रु. तीन करोड चौदह लाख (३,१४,००००००)आम्दानीको संशोधित अनुमान भएकोले ९८.२ प्रतिशत आम्दानी देखिएको छ । मालपोतमा अनुमानित रकमको ६० प्रतिशत आम्दानी हुने देखिएको छ । यो स्मरणीय छ कि सुखा जर्ताले गर्दा केही जिल्लाहरूले मालपोतमा भाका र मिनाहा पाएका छन् । अन्तःशुल्कबाट अनुमानित रकमको ९९.४ प्रतिशत जति आम्दानी हुन जाने देखिन्छ । रेल्वेको आम्दानी ९२.९ प्रतिशत असूल हुनजाने देखिन्छ । त्यस्तै रोपवेको पनि ८० प्रतिशत असूल हुन सक्ने देखिन्छ । विविध रकमहरूबाट रु. सैंतीस लाख तीस हजार (३७,३०,०००) अनुमानित गरिएकोमा ४५ लाख अर्थात् १२०.६ प्रतिशत आम्दानी भएको देखिन्छ । तर वन (६७ प्रतिशत) हुलाक (६०प्रतिशत) टेलिफोन (५० प्रतिशत) रजिष्ट्रेशन (४० प्रतिशत) आकाशवाणी (१९ प्रतिशत) मा भने अनुमानित आम्दानीमा भन्दा संशोधितअनुमानमा आम्दानी निक्कै नै घट्न जाने देखिन्छ ।

२०१६।०१७ आर्थिक वर्ष भन्दा अघि नेपाल अधिराज्यमा मालपोत सिवाय वास्तविक रूपमा कुनै प्रत्यक्ष कर लगाइएको थिएन । चालूआर्थिक वर्षदेखि सर्वप्रथम नयां प्रत्यक्ष करहरू लगाइएका हुन् । आफ्नोमुलुकको विकास गर्न सकेसम्म आफ्नै खुट्टामा भर गर्दै जानु पर्ने र सम्पत्तिको असामान यथाशक्य वितरण हटाउँदैजानु पर्ने भएकोले नयां करहरू लगाइएका हुन । तर प्रत्यक्ष करको परम्परा नभएकोले र कानूनी अडचनलेप्रत्यक्ष कर असूल गर्ने व्यवस्थाको सृजना गर्नु विलम्बभएकोले चालू आर्थिकवर्षमा लगाइएका करहरू पूरापूर असूल तहसिल हुन सकेको छैन ।

बिर्ताको विवरण दिन भाद्र मसान्तसम्मको म्याद दिइएको छ । हालसम्म बिर्तातर्फ राष्ट्रियकरण भएका मालबाट यस आर्थिक वर्षमा रु. बीस लाख (२०,००,०००) जति उठी सक्नेछ ।

जग्गा कर, व्यापार मुनाफा कर, घर जग्गा र विदेशी लगानी करको निम्ति विवरण दिन म्याद सम्बन्धित ऐनले भाद्र मसान्तसम्म पाएकोले यी करहरूबाट यस आर्थिक वर्षमा तहसिल हुन पाएको छैन । पारिश्रमिक कर, पानी कर, रेडियो लाइसेंस कर सन्तोजनक रूपले असूल भैरहेकै छ ।

२०१६।१७ आर्थिक वर्षमा भएको यथार्थ खर्चको प्रकृति बारेमा पनि केही विवरण दिनु आवश्यक सम्झन्छु । साधारण बजेटतर्फ मालपोत, सर्भे, खाद्य, सहकारी, यातायात, बिजुली इत्यादिमा निकासा भएको रकमको १०० प्रतिशत जति नै खर्च हुने संशोधित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमान गरिएको छ। यसको अतिरिक्त शिक्षा, सञ्चार, पुरातत्त्व, टक्सार, खानीमा पनि संशोधित अनुमानित खर्चलेराम्रो किसिमसित काम चल्दै गएको र सुचारुरूपले खर्च हुँदै गएको देखाउँछ।

२०१६।१७ को विकास बजेटतर्फको रु. चौदह करोड एकासी लाख छपन्न हजार (१४,८१,५६,०००) मध्येबाट अन्दाजी रु. सात करोड उनान्नब्बे लाख अठतीस हजार (७,८९,३८,०००) खर्च हुन जानेछ भन्ने संशोधित अनुमान बाट देखिन्छ । २०१५।१६ मा विकास बजेटको जम्मा २५ प्रतिशत मात्र खर्च भएकोमा यसपाली ५३ प्रतिशत जति खर्च हुने भएको छ । तर सरकारलाई यत्तिकैमा चित्त बुझेको छैन, अरू बढी लक्ष प्राप्ति किन भएन भन्ने कुरा सरकार विचार गर्दैछ र बढीकार्य दक्षता ल्याउन अनेक उपाय सोच्दैछ।

देशको प्राकृतिक स्थितिलाई ध्यानमा राखी यातायात तथा सञ्चारको साधनको विकास गर्ने कामलाई प्राथमिकता दिइएको हो। सडकतर्फ गत सालको भन्दाबढी काम भएको देखिन्छ । रोपवे तथा टेलिकम्युनिकेशनको काम वार्षिक कार्यक्रमलाई नै नाघेर भएको छ । रोपवेको मात्र २०१६।१७ मा १२० प्रतिशत जति खर्च भएको अनुमान गरिन्छ । कृषि, वन, सहकारी, हवाई, टुरिजम क्षेत्रमा हामीले आशा गरे मुताबिक प्रगति हुन सकेको छैन । यी सबैमा अनुमानित अंकको ३० प्रतिशत भन्दा कम खर्च भएको संशोधित अनुमानबाट देखिन्छ ।

सरकारको उद्देश्य सामाजिक सेवा पर्याप्त मात्रामा उपलब्ध गराउने पनि भएकोले २०१६।०१७ सालको बजेटमा सामाजिक सेवालाई प्राथमिकता दिइएको थियो । सरकार देशका सबै क्षेत्रहरूमा कुनै-न-कुनै किसिमको स्वास्थ्य सेवा पुऱ्याउने तथा हरेक निर्वाचन क्षेत्रमा कम-से-कम १५ प्राथमिक स्कूल स्थापना गर्ने नीति लिएको छ । यस दिशातर्फ सरकारले धेरै मात्रामा कार्य लक्ष्य हासिल गरेको छ । शिक्षामा अनुमानित खर्चको ८१ प्रतिशत र स्वास्थ्यमा ५६ प्रतिशत जति खर्च हुने संशोधित अनुमान छ ।

तत्कालीन योजना स्थानीय जनताको माँग र प्रयत्नबाटै राम्रो हुने देखिएकोले स्थानीय विकास समितिबाट त्यसको काम भइरहेको यस सभालाई विदितै छ । यसको व्यवस्था बन्न केही समय लागेको र प्राविधिज्ञको कमिले सबै जिल्लाहरूमा सन्तोषजनक काम हुन सकेको छैन । तर माननीय सदस्यहरू समेत ती समितिहरूमा सदस्य हुनु भएकोले यसबाट राम्रो काम संचालन हुने नै छ भन्ने आशा गर्न सकिन्छ । विकास कार्यहरूमा जनताको सक्रिय सहयोग प्राप्त गर्नाका लागि स्थानीय विकास समितिहरूद्वारा हुने विकास कार्यहरूलाई बढी महत्व दिइएको छ ।

## २०१७।१८ को अनुमान

अब म२०१६।१७ को आर्थिक विवरणको पृष्ठभूमिमा २०१७।१८ आर्थिक वर्षको अनुमानित आर्थिक विवरण पेश गर्दछु । आगामी आर्थिक सालमा रु. सैंतीस करोड एकहत्तर लाख पन्चान्नब्बे हजार (३७,७१,९५,०००) कूल खर्च हुने अनुमान गरिएको छ । यसमध्ये

साधारण खर्चतर्फ रु. एघार करोड असी लाख पचास हजार (११,८०,५०,०००) र विकास खर्चतर्फ पच्चीस करोडएकान्नब्बे लाख पैंतालीस हजार (२५,९१,४५,०००) रहन गएको छ। साधारण खर्चको उक्त रकम मध्ये रु. त्रियासी लाख अन्ठाउन्न हजार (८३,५८,०००) संचित कोष प्रति व्ययभार हुने र बांकी दश करोड छयान्नब्बे लाख बयान्नब्बे हजार (१०,९६,९२,०००) संसदको मतदानबाट व्यय हुने भएको छ । विकास खर्च- तर्फ रु. चौदह करोड उनासी लाख बहत्तर हजार (१४,७९,७२,०००) संसदको मतदानबाट व्यय हुने, र बांकी विकास समितिहरू तथा विदेशी सहायता नियोगहरूबाट सिधा खर्च हुने भएको छ । आर्थिक बर्ष ०१६।१७ को अनुमानित खर्च रु. चौबीस करोड उनान्नब्बे लाख अन्ठाउन्न हजार (२४,८९,५८,०००) संग तुलना गर्दा आगामी वर्ष रु. बाह्रकरोड बयासी लाख सैंतीस हजार (१२, ८२,३७,०००)अर्थात् अन्दाजी ५०प्रतिशत बढी व्ययको अनुमान गरि एकोछ ।

साधारण खर्चतर्फ यस साल भन्दा आगामी सालमा १५ प्रतिशत बढ्ने अनुमान गरिए कोछ। यसरी बढनाको प्रमुख कारणहरूमा केही प्रकाश गर्न चाहन्छु । एक त गत बैशाखदेखि निजामती कर्मचारीहरूको तलबमा वृद्धि गरियो र निकट भविष्यमा सैनिक जवान र पुलिसहरूको तलब स्केलमा संशोधन गरिने भएको छ । दोस्रो प्रमुख कारण हो अधिकार विकेन्द्रीकरण गरी जिल्ला प्रशासन र सरकारको कार्यकारिणी अङ्गलाई सुदृढ पार्न योजना उत्तरी जिल्ला हरूमा प्रशासन व्यवस्था सुदृढ तुल्याउनु पर्ने भएकोले पनि यसमा केही वृद्धि हुन गएको छ । फेरि मुलुक भरमा जनतालाई न्यायसुलभ होस् भन्ने हेतुले उच्च अदालत, जिल्ला अदालत र इलाका अदालतहरूको स्थापना भएको हुँदा यस तर्फ खर्च हुने अनुमानमा वृद्धि हुन गएको छ । बिर्ता उन्मूलन ऐन अनुसार राष्ट्रियकरण भएका बिर्तामालहरू र नयाँ कर सम्बन्धी अड्डाहरूको खर्च-हरूसमेत गाभ्नु पर्ने भएकोले पनि खर्च बढ्ने भएको हो । (क) बिर्ताहरूको मुआवजा र जङ्गलको क्षति पूर्तिले पनि बजेटको अंकलाई निक्कै बढाएको छ ।

अब २०१७।१८ को विकास कार्यमा गरिने खर्चको प्रवृत्ति बारे केही भन्न चाहन्छु । २०१७।१८ पहिलो पञ्चवर्षीय योजनाको अन्तिम वर्ष हो । यो आर्थिक साल भित्रै पञ्चवर्षीय योजनामा हासिल हुन बाँकी सबै लक्ष्य प्राप्तिको निम्ति कोशिश गर्नु परेको छ । यस दिशातर्फ हामीले गर्न लागेको प्रयत्न आगामी सालको विकास कार्यमा राखिएको बजेटको अंकबाट नै यस सभालाई बोध हुनेछ ।पहिलो पञ्चवर्षीय योजनामा कूल खर्चको अनुमान रू. तेत्तीस करोडको थियो । यसमा २०१६।१७ सम्मका अन्दाजी रू. १२.५० करोड खर्च भएकोछ। आगामी आर्थिक वर्षमा कमसेकम २०.५० करोड खर्च भएमा मात्र पनि खर्चको लक्ष्य हासिल हुन जानेछ । तर सरकारले उक्त लक्ष्य भन्दा पनि बढी हासिल गर्ने उद्देश्य लिई रू. २५ करोड जतिको रकम विकासकार्यको निम्ति बजेटमा व्यवस्था गरेको छ । साथै आगामी बजेट पञ्चवर्षीय योजनाको सकेसम्म लक्ष्य हासिल गर्न बाहेक द्वितीय पञ्च वर्षीय योजना अर्को वर्षदेखि शुरू हुने भएकोले त्यसको पनि विचार गरी बनाइएको छ । बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जुनसुकै आयोजना बनाउन पनि प्रारम्भिक सर्भेक्षणको आवश्यकता पर्दछ। आवश्यक सर्भे नगरी आयोजना कार्यान्वित गर्दा काममा ढिलाई हुनाको साथै राष्ट्रीय धनको दुरुपयोग पनि हुन जान्छ । सर्भेको काममा समन्वय ल्याउन एक आधार भूत सर्भे ( Basic Survey ) विभागको स्थापना हुने भएको छ । कृषि सर्भे जनगणना र साधारण तथ्यांकको निम्ति प्रसस्त रकम छुट्याइएको छ । त्यस्तै जङ्गलबाट बढी से बढी लाभ लिन जङ्गलमा रहने वस्तुको सर्भे गर्ने निर्णय भई सकेको छ । यस बाहेक बिजुली, नहर आदिको लागि उपलब्ध जल शक्तिको सर्भे गर्ने कार्यक्रमलाई पनि जोड दिइएको छ। कित्ता नापीको कार्य मा पनि अन् तीब्र गतिले काम हुनेछ ।

हाम्रो देशको एक महत्वपूर्ण साधन जलशक्ति हो । यसबाट लाभ उठाउनको लागि सरकारले बिजुलीलाई विशेष ग्राह्यता दिएको छ । आगामी वर्ष त्रिशूली विद्युत योजना र पनौती विद्युत योजनामा विशेष जोड दिइ काम गरिने छ । यस बाहेक काठमाडौं पावर व्यवस्थाको सुधार गर्ने काम गरिने छ । त्रिशूली र पनौतीबाट बिजुलीको उत्पादन नभएसम्मलाई काठमाडौं उपत्यकाको वर्तमान बिजुलीको आवश्यकता पूर्ति गर्ने व्यवस्था पनि सरकारले गर्न लागेको छ । बिभिन्न स्थानमा साना साना बिजुली योजनाहरू पनि कार्यान्वित गरिने भएकोछ। बिजुलीको लागि रू. तीन करोड बीस लाख पैंसट्ठी हजार (३,२०,६५,०००) अर्थात् यस साल भन्दा १६२ प्रतिशत बढी खर्च राखिएको छ ।

कृषि हाम्रो देशको प्रमुख व्यवसाय भएकोले यसको घनीभूत विकासको निमित्त सरकार सचेष्ट छ । अतएव कृषिको विकासको क्षेत्रमा निम्नलिखित रूपले सरकारले खर्च बढाएको छ, नहरमा १०५ प्रतिशत, ग्रामविकासमा १५४ प्रतिशत र कृषिको साधारण खर्चमा १२६ प्रतिशत सहकारी विकासमा पनि पूरा ध्यान दिइएको छ । औद्योगिक क्षेत्रमा चीनी र चुरोट, कारखाना-हरू स्थापना गर्ने काम शुरू गरिने छ । आवश्यक सर्भेको काम समाप्त भई सकेको छ । त्यस्तै घरेलु उद्योग बारे तालीम दिने केन्द्रहरूको संख्या देशका अरू भागमा पनि खोलिने छन् र घरेलु उद्योगबाट उत्पादित वस्तुको बिक्री गर्ने व्यवस्था पनि हुने भएको छ । गैर सरकारी क्षेत्रमा रहेका उद्योग धन्धालाई सहायता दिन औद्योगिक विकास कर्पोरेशनले समुचित रूपमा काम गर्नेछ । उपरोक्त सबै प्रमुख कार्यहरूको विचार राखी आगामी वर्षको निमित्त उद्योगमा रू. दुई करोड उनहत्तर लाख त्रिसट्ठी हजार (२,६६,६३,०००) अर्थात् २०१६।१७ को अनुमान भन्दा १६४ प्रतिशत बढी राखिएको छ । दैनिक उपभोगका वस्तुहरूको मूल्यमा विशेष वृद्धि हुन नजाओस् भन्ने हेतुले आगामी आर्थिक वर्षमा सरकारले केही आवश्यक वस्तुहरूको सरकारी व्यापार ( Statetrading) गर्ने भएको छ ।

समाज सेवा पर्याप्त मात्रामा पुऱ्याउने तर्फ सरकारको दृष्टि छँदैछ । शिक्षामा १३२ प्रतिशत र स्वास्थ्यमा ३८ प्रतिशत यस वर्षको भन्दा वृद्धि गरिएको छ ।

माथि उल्लेख गरिएको रू. सैंतीस करोड एकहत्तर लाख पञ्चान्नबे हजार ( ३७,७१, ९५,०००) खर्च व्यहोर्ने साधनहरू बारे पनि केही प्रकाश गर्नु आवश्यक छ । यस सालको उपल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बध राजस्वको स्रोतहरूबाट (ख) नितमा पूरै पोत लाग्ने समेत हिसाब गरी एघार करोड छयासी लाख बाउन्न हजार रुपैयाँ (११,८६,५२,०००) आम्दानी हुने अनुमान गरिएको छ। विभिन्न आयोजनाहरूसंग एक करोड पैंतीस लाख सत्तरी हजार (१,३५,७०,०००) मौज्दात बाँकी रहने अनुमान छ। विदेशी सहायताबाट बाइस करोड पचहत्तर लाख एक हजार (२२,७५,०१,०००) प्राप्त हुने भएको छ। यसरी उपरोक्त स्रोतहरूबाट गरी पैंतीस करोड सन्तानब्बे लाख तेइस हजार (३५,९७,२३,०००) जम्मा हुन गई एक करोड चौहत्तर लाख बहत्तर हजार (१,७४,७२,०००) घाटा ( Deficit ) हुन गएको छ।

## करसम्बन्धी प्रस्तावहरू

२०१७।१८ को आर्थिक वर्षको निम्ति केही कर सम्बन्धी प्रस्तावहरू अब म यस सभाको समक्ष प्रस्तुत गर्दछु। पोहर साल आर्थिक विवरण पेश गर्दा मैले सरकारको आयव्ययको ( Fiscal ) नीति बारे केही स्पष्टीकरण दिएको हुँ। माननीय सदस्यहरूलाई विदितै छ कि प्रगतिशील (Progressive) कर प्रणाली द्वारा सम्पत्ति र आयको असमान वितरण हटाई समाजवादी व्यवस्थातिर लैजाने सरकारको प्रमुख उद्देश्य छ। यसै कारणले २०१६।१७ को आर्थिकवर्षको निम्ति जग्गा कर, शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानीमा कर व्यापार मुनाफा र पारिश्रमिक कर जस्ता प्रगतिशील करहरू लगाइएका हुन्। यी मध्ये कुनैकुनै को असूल तहसील सन्तोषजनक तरीकाले हुँदैछ तापनि साधारणतया केहीमा ऐन बमोजिम विवरण दाखिल गर्ने म्याद बाँकी नै हुनाले आगामी २०१७। १८ को आर्थिक वर्ष भित्र असूल तहसिल हुने भएको छ। यसरी यस आर्थिक वर्षमा लगाइएका प्रत्यक्ष ( Direct ) प्रगतिशील करहरूको जनता माथि परेको यथार्थ प्रभावको राम्रो बोध भएको छैन। फेरि साल सालै नयाँ किसिमको करहरू लागू गराउँदै लैजान लाई कर तिर्ने बानी बसी नसकेका नेपाली जनतालाई अलि अपठ्यारो पर्नु स्वाभाविकै छ। त्यसैले आगामी आर्थिक वर्षमा मैले कुनै ठोस नयाँ कर लगाउने विचार गरेको छैन। पोहर साल लगाइएकै करहरूको असूल तहसीलमा नै विशेष ध्यान दिइने छ।

विकास योजनाको निम्ति अरू कुराको अतिरिक्त व्यक्तिगत पूंजी सञ्चय ( Privet Savings ) को पनि आवश्यकता रहन्छ। हाम्रो जस्तो विकासोन्मुख (Developing ) देशमा योजना संचालनको निम्ति विदेशी सहायता तथा सरकारी करको साथै व्यक्तिगत पूंजीको परिचालनको पनि महत्व छ। यसैले गर्दा सबैमा योजनाप्रति सहयोगको भावना पनि अत्यधिक मात्रामा जागरूक हुँदै जान्छ। त्यसैले मेरो ध्यान यो आर्थिक विवरण प्रस्तुत गर्दा व्यक्तिगत पूंजी सञ्चय गराउने पट्टि विशेष रूपले आकृष्ट भएको छ। यसको विस्तृत व्याख्या म पछि गर्नेछु।

अब आगामी आर्थिक वर्षको प्रस्तावहरू पेश गर्दछु। रेल्वे तथा बिजुलीहरूमा २०१६।१७ मा लागि आएको महसूल र सर्चार्ज २०१७।१८ मा पनि कायमै राखिएको छ। हुलाक महसूल पनि आगामी सालको निम्ति २०१६।१७ बमोजिम कायम रहने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गांजा खेतीमा साबिक भा.रू. ४ प्रति धूर लागी आएकोमा अब भा.रू. को प्रथा नरहने भएकोले यसको बदला आगामी आर्थिक वर्षदेखि धूर १ को ने.रू. ६। को दरले साल बसाली गांजा खेती लाइसेन्स दस्तूर लगाइने छ ।

हाम्रो भंसार निकासी पैठारी रकममा केही हेरफेर गर्नुपर्ने आवश्यक देखिएकोले चौथा टयारिफ बोर्डको गठन गरिएको थियो । यस बोर्डले पेश गरेको रिपोर्ट ध्यानमा राखी साबिकमा नखुलेको र साबिकमा छुटेको कुरासम्म समावेश गरिएको छ । त्यस्तै ए० आर० १ फार्मबाट आउने माल सो फार्मबाट नल्याएमा डबल महसूल लिने चलन खारेज गरी आवश्यक संशोधन अनुसूचीमा पेश गरिएको छ । भंसार रकममा तेस्रो टयारिफ बोर्डको सुझावको आधारमा निकै नै हेरफेर गराइएकोले आगामी वर्षको निम्ति कुनै दरमा विशेष वृद्धि वा कमी नगर्ने मैले विचार गरेको हुँ । यस परिवर्तनबाट सरकारी आम्दानीमा विशेष फरक आउने छैन ।

आगामी आर्थिक वर्षको निम्ति कर व्यवस्थामा यसरी केही विशेष हेरफेर नगर्ने प्रस्ताव राखे पनि मैले माथि भने अनुसार हाम्रो विकास कार्यलाई द्रुतगतिले अघि बढाउनाका साथै सर्वसाधारण जनताको सक्रिय सहयोग समेत पाउनाको लागी राष्ट्रीय ऋणको एक योजना प्रस्तुत गर्दछु ।

जनताबाट ऋण उठाएर आउने आम्दानी प्रारम्भमा योजना कार्यको निम्ति उत्तिको प्रशस्त नभएता पनि सर्वसाधारण जनतालाई योजना प्रति चेतनशील तुल्याउन तथा पूंजी सञ्चय गर्ने बानी बसाल्नु अत्यन्त नै हितकर होला भन्ने मलाई लागेको छ । पहिलो पञ्चवर्षीय योजनामा योजना अवधिभित्र विकास प्रमाणपत्र साधारण जनतामा बिक्री गराई योजनाको निम्ति पूंजी एकत्रित गराउने भन्ने उल्लेख पनि परेको छ । तर त्यस दिशातिर लिइने यो पहिलो कदम हो ।

सरकारको बिर्ता उन्मूलन नीतिबाट बिर्ताहरण भएको व्यक्तिलाई क्षतिपूर्ति दिनालाई सरकारी बण्डको रूपमा दिइने छ भनी बिर्ता उन्मूलन ऐनमा व्यवस्थित भइ सकेकै छ । बिर्ताको क्षतिपूर्ति दिन र विकास कार्यको निम्ति ५ वर्षसम्ममा परिपक्व हुँने ५½ प्रतिशत सूद पाउने सरकारी ऋणपत्र २ करोडको सम्म निकाल्ने प्रस्ताव पेश गर्दछु । यस मध्येबाट वर्षको २ पटक पुरस्कार पाउने पुरस्कार पत्र पनि निकालिने छ । जनतामा पूंजी सञ्चय गर्ने भावना बढोस् भन्ने विचारले ऋणपत्रबाट पाएको आम्दानीमा कुनै कर लगाइने छैन । मुलुकको विकासको दृष्टिकोण अगाडि राखी सरकारलाई हर तरहबाट सहयोग गर्नु हरेक देशवासीको कर्तव्य भएको हुनाले यस नयाँ कदममा सर्वसाधारण जनताबाट पूर्ण सहयोग पाउँला भन्ने आशा राखेको छु ।

अनुमानित बजेटमा रू. एक करोड चौहत्तर लाख बहत्तर हजार (१,७४, ७२,०००) कूल न्यून (deficit) देखिएको छ । तर मैले प्रस्तुत गरेको उपरोक्त प्रस्तावको फलस्वरूप २०१७।१८ को अनुमानित आर्थिक बिवरणको उक्त न्यून ( deficit ) पूर्ति भई सन्तुलित (ballanced) हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# दीर्घकालीन योजना

योजनाबद्ध आर्थिक विकासमा हाम्रो विश्वास बढ्दै गएकोले वास्तवमा अब हाम्रो भविष्यमा तयार पारिने सबै बजेटहरू योजनाको सम्बन्धमा नै प्रस्तुत हुनु पर्दछ । समाजवादी व्यवस्थाको परिधिमा रही उत्पादनको सकेसम्म वृद्धि ल्याई जनताको रहन सहनको स्तर उकाल्दै लैजानु नै योजनाको प्रमुख लक्ष्य हो भन्ने मेरो धारणा छ ।

२०१८।१९ आर्थिक वर्षको शुरूदेखिनै द्वितिय पञ्चवर्षीय योजना प्रारम्भ गर्नु पर्ने भएको ले श्री ५ को सरकारले सम्बन्धित बिभागहरूद्वारा द्वितीय पञ्चवर्षीय योजनाको मसौदा तयार पार्नेव्यवस्था मिलाई सकेको छ। २०१६।१७ को बजेट पेश गर्दा मैले द्वितीय पञ्चवर्षीय योजनाको रूपरेखा तयार पार्दा दीर्घकालीन दृष्टि दिनेमा ध्यान आकर्षित गरेको थिएँ । यस सम्बन्धमा मलाई यो भन्नु छ कि हाल यसै आधारमा दोस्रो पञ्चबर्षीय योजनाको ढाँचा (model) तयार भई त्यसलाई श्री ५ को सरकारले स्वीकृति दिइसकेको छ । म यसको बिस्तृत वर्णन तिर जान्न । अब ६ महीना जतिमा योजनाको विस्तृत मस्यौदा तयार पारी यस सभामा राखिने छ ।

२०१७।१८ सालको आय व्ययको विवरणमा आगामी आर्थिक बर्षमा देश विकासको सम्भव चित्र पनि मैले प्रस्तुत गरें । चालू आर्थिक वर्षमा विकास कार्यका निमित्त भएको खर्चको अनुभवबाट हामी आगामी आर्थिक वर्षमा अझ तीव्रताका साथ विकास कार्यहरूको सफल सम्पादन हुने कुरामाथिं विश्वास राख्दछौं । जे जति विकास कार्यहरू भैसके तथा आगामी आर्थिक वर्षमा जे जति विकास कार्यहरू हुने छन् तिनलाई हाम्रो जस्तो पछौटे आर्थिक व्यवस्थामा कदापि पर्याप्त भन्न सकिन्न । हामीले जे जति उपलब्ध गरेका छौं तथा आगामी आर्थिक वर्षमा गर्ने अठोट गरेका छौं त्यत्तिमा मात्र सन्तोष मान्ने अवस्था छैन ।

देश अत्यन्त अविकसित छ । जनताको जीवनस्तर ज्यादै तल्लो तहमा छ । गरिबी, रोग र अज्ञानता हाम्रो समाजका ठूला शत्रु छन् । यातायात र सञ्चारको व्यवस्थाको अभावले हाम्रो देश भौगोलिक दृष्टिले एक भएपनि आर्थिकतया विभाजित छ । औद्योगीकरणको निमित्तअत्यावश्यक विद्युत शक्ति वा अन्य शक्तिको अभाव छ । कृषिमा निर्भर गर्ने देश भएपनि अझै जम्मै जसो भागमा प्राचीन तरिकाले खेती गरिन्छ । नदी नाला यस्तो प्रचुर भएको राज्यमा बराबर सुख्खा पर्दछ । यी हुन हाम्रा केही समस्याहरू । हामीले यिनको हिम्मतसाथ सामना गर्नु पर्दछ । गरीबी, रोग र अज्ञानताको विरुद्ध अविराम सङ्घर्ष गर्नु छ । पहाड र पहरा फोर्नु छ र देशलाई विकासको निमित्त खुला गर्नु छ । कर्णाली, नारायणी र कोशी जस्ता हाम्रा अमूल्य नदीहरूमा रहेका शक्तिलाई विद्युतमा परिणत गरी देशको उद्योग र निर्यात बढाउनु छ। यिनको पानीले, हाम्रो सुख्खा जमीन सिंचाउनु छ । आधुनिक कृषिको तरीका अपनाएरकृषि उत्पादन अनेक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुणा बढाउनु छ । देशवासीले वर्षौंदेखिलिएको आशा र महत्वाकांक्षा पूरा गर्न र तिनको जीवन सुखमय पार्न भविष्यमा हामीले झन् कठोर परिश्रम र ज्यादा से ज्यादा त्याग गर्नु पर्दछ । नेपालीजनताको भविष्यमा विश्वास गरेर प्रजातान्त्रिक व्यवस्थाद्वारा तिनलाई मनुष्य सुहाउँदो जीवन दिलाउने एक मात्र पवित्र लक्ष्य लिई नेपाली जनताले १० वर्ष अघि एकाधिपत्य राजनैतिक शक्तिको विरुद्ध सङ्घर्ष गरेको हो । अब प्राकृतिक शक्ति र अवरोधहरूका विरुद्ध सङ्घर्ष गर्नुछ । जबसम्म हामीले आफ्नो लक्ष्य प्राप्त गर्दैनौं हामीले विश्राम गर्नु हुन्न ।

देशलाई अत्यधिक तीव्रताका साथ विकसित पार्ने लक्ष्यमा सरकारी प्रयत्नले मात्र पुग्न सकिन्न, जनताले आजभन्दा भोलि र भोलि भन्दा पर्सी बढता बलिदान गर्नुछ । सामूहिक प्रयत्नहरूद्वारा प्रत्येक विकास कार्यलाई शीघ्रताका साथ सम्पादित गर्नुछ । यो प्रयत्न तबसम्म जारी राख्नु छ जब सम्म कि ज्यान धान्न सक्ने मात्र भएको हाम्रो आर्थिक अवस्थाबाट हामी माथि उक्लने आर्थिक अवस्थामा पुग्न सक्दैनौं । यो एक दुइ वर्षमा पूरा हुन सक्ने कार्य होइन ।

मलाई यस कुरामा भने सन्तोष छ कि २०१६।१७ को आर्थिक वर्षमा यस सभा तथा अरू देशवासीहरूबाट सरकारद्वारा देशको आर्थिक अवस्था सुधार्न तथा आन्तरिक साधनहरूको संग्रह गर्न उठाइएका विभिन्न कदमहरू र देश निर्माणका कार्यहरूमा अपेक्षित सहयोग प्राप्त भएको छ । जसले नेपाली जनताको प्रजातान्त्रिक व्यवस्थामा रहेको गहिरो आस्थाको प्रमाण पनि दिन्छ । यसका निमित्त म यस सभा तथा अरू देशवासीहरूका प्रति कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु । जनताको यस्तो सहयोग सरकारलाई निरन्तर प्राप्त भइरह्यो भने देशको उज्वल भविष्य निश्चित छ ।

अन्तमा म एक पल्ट फेरि देश निर्माणको पवित्र संग्राममा सरकारलाई सबै देशवासीले हर तरहले साथ दिन र आवश्यक त्याग र तपस्या गर्न अनुरोध गर्दछु ।

मुद्रण
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ०१७।१८ सालको आम्दानी खर्चको सारांश

(ने. रू. हजारमा)

खर्च

| | | |
|---|---|---|
| ०१७।१८ को जम्मा व्यय अनुमान ने. रू. | | ३७,७१,९५ |
| साधारण ने. रू. | ११,८०,५० | |
| विकास तर्फ ने. रू. | २५,९१,४५ | |

आम्दानी

| | | |
|---|---|---|
| राजस्व अनुमानबाट ने. रू. | | ११,८६,५२ |
| योजनाहरूसंग रहेको मौजदात ने. रू. | | १,३५,७० |
| विदेशी सहायताबाट ने. रू. | | २२,७५,०१ |
| अमेरिका | १५,३९,५८ | |
| भारत | ५,६८,७७ | |
| रूस | ८४,०० | |
| न्यूजिल्याण्ड | ४,९३ | |
| फोर्ड | ३०,५३ | |
| ब्रिटिश | ३०,२७ | |
| डब्लू. एच. प्रो. | ७,५० | |
| अष्ट्रेलिया | ९,४३ | |
| ऋण पत्रबाट ने. रू. | | २,००,०० |
| | जम्मा: | ३७,९७,२३ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०१७।१८ सालको व्ययक अनुमान साधारण

| शीर्षक नम्बर | शीर्षकको नाम | रुपयां हजारमा २०१६।१७ सालको अनुमान | रुपयां हजारमा २०१७।१८ सालको अनुमान |
|---|---|---|---|
| १ | श्री ५ महाराजाधिराज तथा राज परिवार तर्फ | ५२,९७ | ५४,२९ |
| २ | श्री ५ को सरकारको सचिवालय | ४५,१५ | २७,७७ |
| ३ | मन्त्रि–मण्डल | ८,४५ | १०,८१ |
| ४ | निर्वाचन कमिशन | २,२३ | २,२२ |
| ५ | पब्लिक सर्भिस कमिशन | ७२ | १,३२ |
| ६ | प्रतिनिधि तथा महासभा | १०,५३ | १३,७० |
| ७ | न्याय बिभाग | १९,५९ | ३३,४१ |
| ८ | अडिट (महालेखा परीक्षक) | ३३ | २,७२ |
| ९ | एकाउण्ट | ५,४९ | ७,८४ |
| १० | भन्सार | १०,९९ | २१,९६ |
| ११ | अन्तःशुल्क | ९,१२ | १,७६ |
| १२ | कर व्यवस्था | ––– | २,२८ |
| १३ | मालपोत | ४०,३६ | ५५,५३ |
| १४ | शिक्षा | ५०,८५ | ३९,९७ |
| १५ | स्वास्थ्य | २२,४३ | १४,५० |
| १६ | खाद्य | १,२९,९२ | ६१,९८ |
| १७ | व[illegible] | ४०,४६ | ३,९६ |
| १८ | कृषि | ६,१७ | ५,२६ |
| १९ | यातायात | २७,४८ | ३४,१३ |
| २० | बिजुली | १३,९९ | १६,७४ |
| २१ | हुलाक | ––– | १४,५७ |
| २२ | टेलिकम्यूनिकेशन विभाग | २१,३५ | ९,६५ |
| २३ | म्यूजियम | ४४,५७ | ६८ |
| २४ | पुरातत्त्व | ४९ | १,६६ |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५२ | प. व. रोडस ) | | २३,४१ |
| २६ | प. व. बिल्डिङ्गस ) | ३६,६७ | २३,३२ |
| २७ | प्रचार | ४,६० | ३,२४ |
| २८ | रेडियो | २,१६ | १,६२ |
| २९ | वाणिज्य विभाग | २,८५ | १३,९९ |
| ३० | उद्योग | ९० | १,३४ |
| ३१ | नहर, खाने पानी | ३,३० | ५,९८ |
| ३२ | टक्सार | ६,१० | १२,११ |
| ३३ | जिल्ला प्रशासन | १७,८२ | २६,४७ |
| ३४ | वैदेशिक कूटनैतिक | २८,७८ | २२,४० |
| ३५ | पुलिस | ७३,२६ | ७५,०६ |
| ३६ | जेल | १०,०५ | १३,७३ |
| ३७ | रक्षा | १,५७,६८ | १,५५,३५ |
| ३८ | स्वायत्त शासन | ९,७२ | १६,६६ |
| ३९ | चिडियाखाना | ५७ | १,६४ |
| ४० | पेन्सन भत्ता उपदान | २१,२५ | १८,९० |
| ४१ | मुआवजा | ——— | १,००,०० |
| ४२ | पुनः मत दान माग्ने | ——— | ३०,०० |
| ४३ | आकस्मिक कोष शोध भर्ना गर्न | ——— | ६,०० |
| ४४ | विविध | ८५,४३ | १,९०,५७ |
| | जम्मा:—— | ९,८३,०२ | ११,८०,५० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०१७।१८ सालको व्यय अनुमान

| शीर्षक नम्बर | शीर्षक | २०१६।१७ को व्यय अनुमान | ०१७।१८ सालको व्यय अनुमान | व्यय वृद्धि तथा कमीको अनुमानित प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री ५ महाराजाधिराज तथा राज परिवार तर्फ | ५२९७ | ५४२९ | २.५— |
| २ | श्री ५ को सरकारको सचिवालय | ४५१५ | २७७७ | ३९.५— |
| ३ | मन्त्रिमण्डल | ८४५ | १०८१ | २७.९— |
| ४ | निर्वाचन कमिशन | २२३ | २२२ | .५- |
| ५ | पब्लिक सर्भिस कमिशन | ७२ | १३२ | ८३.३— |
| ६ | प्रतिनिधि तथा महासभा | १०५३ | १३७० | ३० — |
| ७ | न्याय विभाग | १९५९ | ३३४१ | ७०.५— |
| ८ | अडिट (महालेखा परीक्षक) | ३३ | २७२ | ७(४.२ |
| ९ | एकाउन्ट | ५४९ | ७८४ | ४२.८— |
| १० | भन्सार— | १०९९ | २१९६ | ९९.८— |
| ११ | अन्तःशुल्क | ९१२ | १७६ | ९१.३ |
| १२ | कर व्यवस्था | | २२८ | |
| १३ | मालपोत | ४०११ | ५५५३ | ३८.४— |
| १४ | शिक्षा | १३६०७ | ३१५८७ | १३२.१— |
| १५ | स्वास्थ्य | १३७८० | १८५२८ | ३८.४— |
| १६ | खाद्य | १२९९२ | ६१९८ | ६२.२— |
| १७ | वन | ५४१२ | ८३९० | ५४.७— |
| १८ | कृषि | ४३३८ | ९९२९ | १२८.८— |
| १९ | यातायात | २२११६ | २००६३ | ९.३— |
| २० | बिजुली | १०९७४ | ३२०६५ | १९२.१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
302

| | | | |
|---|---|---|---|
| २१ । हुलाक | १९३३५ | २६७८ | |
| २२ । टेलिकम्मूनिकेशन | | | |
| । (टे. फो आ. वा.) | | ६९२४ | ४३.८— |
| २३ । म्यूजियम | ४४ | ६८ | ५४.५— |
| २४ । पुरातत्व | ४७ | १६६ | २५३.१— |
| २५ । प. व. रोडस (सडक) | ४२८१४ | ३७६६७ | २९— — |
| २६ । प. व. विल्डिङ्ग स. (निर्माण) | ५११८ | १३८७२ | १७१.०४ — |
| २७ प्रचार | ४९० | २७१९ | ४५४.०२ — |
| २८ । रेडियो | २१९ | १६२ | २६.०–८ — |
| २९ । वाणिज्य विभाग | २८५ | १३९९ | ४९० — |
| ३० । उद्योग | १०२१४ | २६९६३ | १६३.९ — |
| ३१ । नहर खाने पानी | १०००६ | २०६३३ | १०५.२ — |
| ३२ । टक्सार | ६१० | १२११ | ९८.५ — |
| ३३ । जिल्ला प्रशासन | १७८२ | २६४७ | ४८.१ – |
| ३४ । बैदेशिक कूटनैतिक | १८७८ | २२४० | २८.४ – |
| ३५ । पुलिस | ७३२६ | ७५०६ | २.४ — |
| ३६ । जेल | १००५ | १३७३ | ३१.१ — |
| ३७ । रक्षा | १५७६८ | १५५३५ | १.४ – |
| ३८ । स्वायत्त शासन | ९७२ | ४१६६ | ३२८.६ — |
| ३९ । चिडियाखाना | ५७ | १६४ | १८७.७ — |
| ४० । पेन्सन भत्ता उपदान | २१२५ | १८९० | १२.४ – |
| ४१ । मुआवजा | | १०००० | |
| ४२ । पुनःमतदान माग्ने | | ३००० | |
| ४३ । आकस्मिक कोष सोध भर्नागर्न | | ६०० | |
| ४४ । विविध | १०२५७ | २८२५७ | १७५.५ — |
| ४५ । गाम विकाश | ६४७६ | १६४८२ | १५४.५ — |
| ४६ । सर्भे | ३७६३ | ५६५० | ५३.१ — |
| ४७ । सहकारी विभाग | १४१ | २२१२ | १४६८.७ — |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | खानी | ६३७ | २५५० | १७२.१ | — |
| ४९ | टुरिजम | ५०० | ७०० | ४०. | — |
| ५० | राप्ती | ८८४ | २१४० | १४२. | — |
| ५१ | स्थानीय विकास | ५६०९ | ५३०० | ५६. | — |
| | | २४६४५८ | ३७७१९५ | ५३.१ | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०१७।१८ सालको विकास बजेटको सारांश

| शीर्षक नम्बर | शीर्षक | ०१६।१७को अनुमान | ०१६।१७को संशोधित अनुमान | ०१७।१८को अनुमान | खर्चको अनुमानित प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ग्राम विकास | ६४७६ | २७५८ | १६४८२ | ४२.६ |
| २ | कृषि | ३७२१ | ९६८ | ९४०३ | २६ |
| ३ | सर्भे | ३७३८ | ३१७७ | ५६५० | ८५ |
| ४ | सहकारी विभाग | १२९ | २० | २२१२ | १५.५ |
| ६ | नहर, खानेपानी | ९६७६ | ६०४८ | २००३५ | ६२.५ |
| ७ | वन | १३७५ | १७० | ७९९४ | १३ |
| ८ | सडक | ४१०७४ | १३८५७ | ३५३२६ | ३३.८ |
| ९ | रोप | १२०११ | १६०११ | ९५०० | १२०. |
| १० | रेल्वे | — | — | १५०० | — |
| ११ | हवाई | ७३५७ | ४४१ | ५६५० | ६. |
| १२ | हुलाक | ३५० | १७५ | १२२१ | ५० |
| १३–१४ | टेलिफोन आकाशवाणी | ९८५० | ९८५० | ५९५९ | १००. |
| १५ | बिजुली | ९५७५ | ३२११ | ३०३९१ | ३३.६ |
| १६ | उद्योग | १०१२४ | ३११६ | २६८२९ | ३०.८ |
| १७ | खानी | ८६३ | ३२३ | २५५० | ३७.५ |
| १८ | टुरिजम | ५०० | १२६ | ७०० | २५.२ |
| १९ | राप्ती | ८८४ | ६४२ | २१४० | ७२.६ |
| २० | निर्माण | ३०२१ | १०५२ | ११५४० | ३४.७ |
| २१ | स्वास्थ्य | ११५३७ | ६४३७ | १७०७८ | ५५.९ |
| २२ | शिक्षा | ८५२२ | ६९११ | २७५९० | ८१. |
| २३ | स्थानीय सुधार | ५६०९ | ३४२० | ५३०० | ६०.९ |
| २४ | बिबिध | १७१४ | २२५ | १४०९५ | १३.२ |
| | | १४८१५६ | ७८९३८ | २५९१४५ | ५३.३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# २०१७।१८ को राजस्वका अनुमान

(ने. रू. हजारमा

| शीर्षक नम्बर | शीर्षकको नाम | २०१६।१७ सालको अनुमान | २०१७।१८ सालको अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | भन्सार | ३,२०,०० | ३,३५,०० | |
| २ | मालपोत | २,५६,०० | २,८३,७२ | |
| ३ | अन्तःशुल्क | ५८,४१ | ६४,०७ | |
| ४ | अन्य कर | २७,७० | २८,७५ | |
| ५ | वन | १,५०,०० | १,५५,६५ | |
| ६ | रजिष्ट्रेशन | २९,७६ | १५,८० | |
| ७ | दण्ड जरिवाना | २४,४३ | ३४,३८ | |
| ८ | रोड सेस | २०,८४ | १५,०० | |
| ९ | पानी | ७२ | २,२७ | |
| १० | रेल्वे | २१,५३ | ३५,०० | |
| ११ | रोप | ४,७५ | १२,०० | |
| १२ | हुलाक | २०,०० | १८,५० | |
| १३ | टेलिफोन | ३,०० | ४,०० | |
| १४ | आकाशवाणी | ३,४४ | ४,०६ | |
| १५ | विजुली | १०,३५ | १०,३६ | |
| १६ | खाद्य बिक्री | १,१९,९२ | ६०,१३ | |
| १७ | सरकारी कर्पोरेशन तथा विकास समितिहरूबाट | — | ७,९६ | |
| १८ | सरकारी लगानी र व्यापारबाट | — | १८,४६ | |
| १९ | विविध | ३७,३० | ८१,४१ | |
| | | ११,२१,४१ | ११,८६,५२ | |

आज्ञाले...

रामप्रसाद जोशी

श्री ५ को सरकारका सचिव

अर्थ मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।